"हामी पौवादुङमाली, मानव विकास पूर्वाधारले ल्याउँछौं खुशीयाली"

# पौवादुङमा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## च्याङ्ग्रे, भोजपुर

कोशी प्रदेश, नेपाल

आ.व.:-२०८२/८३
च.नं.:-१६६

मितिः-२०८२/०६/०८
नेपाल संवत ११४५ कौलाथ्व तृतीया

पौवादुङमा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय च्याङ्ग्रे, भोजपुर कोशी प्रदेश, नेपाल

**विषयः नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने प्रेस विज्ञप्ति सम्वन्धमा ।**

श्री शाखा प्रमुख सबै,
श्री वडा सचिव सबै,
श्री स्वास्थ्य संस्था प्रमुख सबै,
श्री सरोकारवाला सबै,
पौवादुङमा गाउँपालिका च्याङ्ग्रे, भोजपुर ।

प्रस्तुत विषयमा नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ गते जारी भएको सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि विकास आयोजनाको पुनप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२/०६/०५ मा भएका निर्णयहरु मध्ये हाम्रो गाउँपालिकामा कार्यान्वयन गर्नु पर्ने देहाय बमोजिम निर्णय भएको छ। उक्त निर्णय कार्यान्वयन गर्न गराउनका लागि सबै शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य शाखा प्रमुख तथा सरोकारवाला सबैलाई पत्राचार गरिएको व्यहोरा जानकारी गराइन्छ।

**<u>देहायः</u>**

**क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन**

१. विगतमा स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयनमा निरन्तरता दिने।

२. भैपरी वा अन्य शीर्षकमा एकमुष्ठ बजेट राखी आयोजनाहरु पहिचान नभएको हुँदा उपयोगिता नदेखिएको बजेट रोक्का राख्ने।

३. स्थानीय तहबाट सञ्चालन हुने रु १० लाखभन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने। आयोजना टुक्रयाएर उपभोक्ता समितिबाट काम गराउन नपाइने।

**ख. चालु खर्च व्यवस्थापन**

१. चालु आर्थिक वर्ष २०८२/८३ मा चालु तर्फका नयाँ क्रियाकलाप/कार्यक्रमको कार्यक्रम सञ्चालन मोडालिटी स्पष्ट नभएको, कार्यक्रमको प्रतिफल सुनिश्चित नभएको वा अनुत्पादक क्रियाकलाप/कार्यक्रममा विनियोजित रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१ बमोजिम रोक्का राख्ने।

**ग. खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरु**

**१. भत्ता सम्बन्धमा**

क. सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने।

२०८२/०६/०८

२. परामर्श सेवा सम्बन्धमा

क. विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने।

ख. विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता कामका लागि सेवा परामर्श नलिने।

ग. विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुँजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने।

३. पानी, बिजुली र सञ्चार महसुल लगायतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने

क. पानी, बिजुली र सञ्चार महसुल वापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययि ढंगले खर्च गर्ने। कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एयरकन्डिसन, पंखा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले चेक गर्ने।

ख. सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने।

४. पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र अनुपयोगी सामान लिलाम गर्ने

क. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाइकल जस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्ने।

ख. सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुवात गर्ने।

५. संगठन संरचना सुधार

क. अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ती बाहेक थप दरबन्दी सिर्जना नगर्ने। विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने।

ख. संघ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीमा दोहोरोपन/तेहेरोपन हुने गरी नयाँ संरचना सिर्जना नगर्ने र हाल दोहोरो परेका संरचना खारेज गर्ने।

ग. भूमि समस्या समाधान आयोग खारेजी गर्ने व्यवस्था मिलाउने।

घ. स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने।

ङ. नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति नगर्ने।

च. सांसद लगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने।

६. चालु खर्च घटाउने

क. अत्यावश्यक बाहेकका तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन नगर्ने, सञ्चालन गर्नै पर्ने अवस्थामा सरकारी हलहरुमा र सम्भव भएसम्म अनलाइन तालिम, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्ने।

ख. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको खर्चमा अत्यावश्यक बाहेक विदेश भ्रमणमा रोक लगाउने।

८. सवारी साधनको उपयोग

क. सवारी सुविधा सम्बन्धी सम्बन्धित कानूनमा सङ्ख्या किटान भएकोमा बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एक भन्दा बढी सवारी साधन उपलब्ध नगराउने/प्रयोग नगर्ने।

ख. राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारी साधन खरिद नगरी उपलब्ध सवारी साधनबाटै व्यवस्थापन गर्ने।

ग. सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेनसिभ) निर्जिवन बीमा गर्ने।

९. अन्य खर्च कटौती

क. प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धीत निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने।

ख. महंगा इलेक्ट्रोनिक्स र विलासी सामाग्रीहरु खरिद नगर्ने।

ग. ग्याँस, साइकल, स्वास्थ्य बीमा शुल्क, बिद्युत महसुल भुक्तानी, ह्याण्डपम्प, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने।

१०. बक्यौता असुली

क. नेपाल सरकार अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय/कार्यालय जवाफदेही हुने।

ख. अन्तिम लेखा परिक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरुजु तुरुन्त असुल उपर गर्ने।

११. उल्लिखित निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धित निकायको प्रमुखले नियमित रुपमा गर्ने गराउने।

२०८२/०६/०८

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत